जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ०१ पृष्ठः ४ | २०८२ बैशाख ०५ गते शुक्रबार (Friday 18 April 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

विशेष
ksIz sIo

## मार्गानुगामी १२औँ वर्षमा प्रवेश

आजदेखि मार्गानुगामी राष्ट्रिय दैनिक ११ वर्ष पुरा गरेर १२ं वर्षमा प्रवेश गरेको छ। संघर्ष र सफलताका यी ११ वर्षमा मार्गानुगामीसँग प्रत्यक्ष–अप्रत्यक्ष जोडिनुभएका सबै पाठक, दर्शक, संघसंस्था, व्यक्तित्व, विज्ञापनदाता, कर्मचारी, पत्रकारलगायत सबै सुभेच्छुकमा मार्गानुगामी परिवार हार्दिक धन्यवाद व्यक्त गर्दछ। साथै वार्षिक उत्सवको यो सुखद अवसरमा आगामी वर्षहरुलाई पनि जनपक्षिय पत्रकारिताको बलियो मिडिया निर्माण गर्न मार्गानुगामी उस्तै लगन र स्वाभिमानका साथ लागिरहने प्रतिबद्धता पनि व्यक्त गर्दछ।

गरिब, उपेक्षित र सीमान्तकृत जनताको आवाज बोकेर हिंडिने कुनै पनि पाइला सहज हुँदैन। मार्गानुगामीले पनि आ  नो ११ वर्षे यात्रामा अनेकौं कठिनाईको सामना गरेको छ। थुप्रै असुविधाको बीचबाट सानो टिमले शुरु गरेको मार्गानुगामीसँग शुरुवातमा आ  नै विवेक र पसिनाको बल सिवाय केही थिएन। सबैभन्दा ठूलो शक्ति भनेको आत्मविश्वास र जनताको सत्य बोल्ने साहस हो भन्ने विचारलाई पक्रेर मार्गानुगामीले ११ वर्षसम्म संघर्षका असंख्य पाइलाहरु नेपाली समाजको हाइवेमा दर्ज गरिरहृयो। संचार विस्फोटको आजको युगमा टेलिभिजन, रेडियो लगायतका परम्परागत मिडियाको हुलमा छापा मार्गानुगामी राष्ट्रिय दैनिक मिडिया पनि दर्जनौंको संख्यामा मिसिन आइपुगेको छ। सत्यलाई असत्य र असत्यलाई सत्य सावित गर्ने हजारौं प्रयत्न हरेक दिन नेपाली मिडियाको दुनियाँमा बिजनेसन्न पनि चलिरहन्छ। यो चुनौतीलाई सामना गर्दै मार्गानुगामीले जनताको सत्य बोल्ने बलियो शक्ति संस्थागत गरेको तथ्य नेपाली जनताका सामु राख्दा आज हामी गौरवान्वित महसुस गरिरहेका छौं।

तथ्यको हत्या गर्ने र असत्यलाई नक्कली तथ्यको मुखण्डो लगाएर जनतालाई दिग्भ्रमित पार्ने प्रयत्न आज पनि उसैगरी चलिरहेको छ। स्वाभिमान र जनताको सत्यको पत्रकारिता गर्ने मार्गानुगामी राष्ट्रिय दैनिक जस्ता मिडियालाई पाइलापाइलामा अवरोध खडा गर्ने व्यूह पनि हरेक दिन रचिन्छ। तर सबै चुनौतीको सामना गर्दै अविचलित ढंगले अघि बढिरहेको छ। परिवर्तन विरोधी कुलीनहरुले मार्गानुगामीको आत्मविश्वासमा प्रहार गर्न पनि यो बीचमा छाडेनन् र हामीलाई विश्वास छ उनीहरु त्यस्तो कर्म भोली पनि गरि नै रहनेछन्। हामी हाम्रा पाठक, दर्शक र सुभेच्छुकहरुलाई के विश्वास दिलाउन चाहन्छौं भने रातोपाटी कुनै पनि चुनौतीका सामु झुक्नेछैन। हामी कुनै प्रकारका प्रलोभन, लालच र विदेशी पैसाको असरमा परेर परम्परागत शक्तिको खेलमा कुनै प्रकारको मोहरा बन्ने छैनौं।

मार्गानुगामी चुनौतीको पहाड समुन्ने उभिएको त्यो किसान जस्तो हो जसले कुटोले खनेरै पनि यो पहाड छिचोलेर बाटो बनाउने संकल्प लिएको छ। हामी यो सुनाउन पाउँदा गर्विलो भएका छौं कि भर्खरै हामीले ×बचनबलगनकषअफ अनलाइन शुरु गरेका छौं। मार्गानुगामीलाई जनपक्षिय पत्रकारिताको एउटा पूर्ण मिडिया बनाउने हाम्रो प्रयत्नको यो एउटा नयाँ पहल हो। मार्गानुगामीलाइ ×बचनबलगनकषअफ अनलाइन टिभीलाई हामी छिटै नै एक बलियो श्रव्यदृश्य मिडियाका रुपमा विकसित गर्ने अभियानमा छौं। वैकल्पिक र जनपक्षिय पत्रकारिताको हाम्रो अविचल प्रयत्नलाई भविश्यमा पनि पाठक, दर्शक, सुभेच्छुक, विज्ञापनदाता लगायत सबैले उसैगरी साथ दिनुहुनेछ भन्ने हाम्रो अटल विश्वास छ।

१२ वार्षिक उत्सवको यो अवसरमा सबैलाई बधाई तथा शुभकामना !

**कमलेश कुमार यादब**
सम्पादक
मार्गानुगामी राष्ट्रिय दैनिक

# ‘जसले न्याय खोज्दाखोज्दै प्राण त्यागिन्’



**आशिष विश्वकर्मा**

सिरहा, ४ वैशाख। गत पुस ९ गते सिरहाको नवराजपुर गाउँपालिका—३ जगतपुरस्थित फूलबरिया मुसहरी टोलकी आनन्दीदेवी सदायमाथि गाउँकै दुई युवकद्वारा यौन दुर्व्यवहार भयो। माइतीघरमा बस्दै आएकी आनन्दीदेवी दुई वर्षीय दुधेबच्चा च्यापेर बरियारपट्टि गाउँपालिका–१ नरगीमा बस्ने दिदी लक्ष्मीनियादेवी सदायलाई भेट्न हिँडेको थियो। बाटोमै स्थानीय २२ वर्षीय सञ्जीव यादव र ३२ वर्षीय श्यामसुन्दर यादवले बलात्कारको प्रयास गरे। त्यहाँबाट जसोतसो उम्केर पुनः माइतमै फर्किन त सफल भए तर त्यस घटनाले बाँच्न भने दिएन। घटनाका दोषीमाथि कारबाहीको माग गरी किटानी जाहेरी दिए पनि चार महिनासम्म सदाय न्यायका लागि भौताए। चारैतिरबाट न्यायको आश मरेपछि अन्ततः मृत्यु नै अन्तिम विकल्प बनेर आयो। मंगलबार माइतीघरमै झुन्डिएको अवस्थामा उनको मृत फेला परे।

“घट्ना घटेको दिन आफूमाथि जबर्जस्ती करणीको प्रयास भएको भन्दै रुँदै र कराउँदै घर आएकी थिइन”, मृतककी भाउजू विनीतादेवी सदायले उक्त दिनको घटनाबारे भने, “उनको कम्मरमुनि सुरुवालको भाग धुजाधुजा पारी च्यातिएको थियो। हातको पाखुरामा चोट लागेको थियो। जीउको विभिन्न भागमा दाँतले टोकेको स्पष्ट डोबहरू थिए।” आनन्दीदेवीलाई जबर्जस्ती करणीको प्रयास गर्ने दुई व्यक्तिले सुरुमा पैसा दिन्छौं भन्दै ललाईफकाई प्रयाससमेत गरेको उनको भनाइ छ। “तीन हजार पैसा दिन्छौं हामीसँग हिंड् भनेपछि नन्दले इन्कार गर्दै प्रतिकार गरेपछि श्यामले हातपात गर्दै घिसार्दै नजिकै रहेको परालको कुन्यूँमा लगे, अर्का पीडक सञ्जीवले मोबाइलबाट भिडियो खिचे। नन्दले यो कुरा मलाई सुनाएको थियो। उनी प्रतिकार गर्दै त्यहाँबाट उम्केर जसोतसो नन्द घर आइपुग्नुभयो, त्यतिबेला दिउँसोको करिब १ बजेको हुँदो हो”, भाउजू विनीतादेवीले भने।

**प्रहरीद्वारा जाहेरी दर्ता गर्न आलटाल**

घटना भएको दिन आनन्ददेवीका श्रीमान् उमेश सदाय ससुराली घरमै थियो। श्रीमतीमाथि घटना घटिसकेपछि सोही दिन अर्थात् पुस ९ गते श्रीमानसहित आनन्दीदेवीले महेशपुरस्थित पतारी प्रहरी चौकीमा आफूमाथि जबर्जस्ती करणीको प्रयास भएको भन्दै किटानी जाहेरी दिएको थियो तर प्रहरीले जाहेरी दर्ता गर्न आलटाल गरेको मृतक

**–बाँकी तीन पेजमा**

तराई मधेशको लोकप्रिय पत्रिका
मार्गानुगामी राष्ट्रिय दैनिक
१२औं वर्षमा प्रवेश

हार्दिक शुभकामना



सिरहाको गोलबजारबाट प्रकाशित ‘मार्गानुगामी राष्ट्रिय दैनिक’ र www.marganugami.com ११ वर्ष पार गरी १२ वर्षमा प्रवेश गरेको हुँदा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै शुभकामना व्यक्त गर्दछु।

**रामचन्द्र यादव**
सिरहा जिल्ला सभापति
नेपाली कांग्रेस

तराई मधेशको लोकप्रिय पत्रिका
मार्गानुगामी राष्ट्रिय दैनिक
१२औं वर्षमा प्रवेश

हार्दिक शुभकामना



सिरहाको गोलबजारबाट प्रकाशित ‘मार्गानुगामी राष्ट्रिय दैनिक’ र www.marganugami.com ११ वर्ष पार गरी १२ वर्षमा प्रवेश गरेको हुँदा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै शुभकामना व्यक्त गर्दछु।

**विश्व प्रकाश अर्याल**
प्रमुख जिल्ला अधिकारी, सिरहा

तराई मधेशको लोकप्रिय पत्रिका
मार्गानुगामी राष्ट्रिय दैनिक
१२औं वर्षमा प्रवेश

हार्दिक शुभकामना



सिरहाको गोलबजारबाट प्रकाशित ‘मार्गानुगामी राष्ट्रिय दैनिक’ र www.marganugami.com ११ वर्ष पार गरी १२ वर्षमा प्रवेश गरेको हुँदा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै शुभकामना व्यक्त गर्दछु।

**महेश प्रसाद चौधरी**
मेयर (नगर प्रमुख)
लहान नगरपालिका, सिरहा

तराई मधेशको लोकप्रिय पत्रिका
मार्गानुगामी राष्ट्रिय दैनिक
१२औं वर्षमा प्रवेश

हार्दिक शुभकामना



सिरहाको गोलबजारबाट प्रकाशित ‘मार्गानुगामी राष्ट्रिय दैनिक’ र www.marganugami.com ११ वर्ष पार गरी १२ वर्षमा प्रवेश गरेको हुँदा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै शुभकामना व्यक्त गर्दछु।

**श्याम श्रेष्ठ**
मेयर (नगर प्रमुख)
गोलबजार नगरपालिका, सिरहा

# सम्पादकीय

## उपलब्धि र नागरिक अधिकारको रक्षार्थ चट्टानझैँ उभिनेछौँ

११ वर्षअघि आजैको दिन ( २०७० बैशाख ५ गते ) को यो बिहानीसँगै मार्गनुगामी राष्ट्रिय दैनिक पत्रिका प्रकाशनमा ल्याएको पाठकमाझ ल्याएका थियौँ। १२ वर्षमा प्रवेश गरेको सुखद खबर सुनाउन पाउँदा हामी ज्यादै हर्षित र खुसी छौँ।

देशमा पहिलो ऐतिहासिक संविधानसभाको निर्वाचनबाट संविधान बन्न नसकिरहेको राजनीतिक सङ्क्रमणको अवस्थामा गहन जिम्मेवारीबोध गर्दै पाठकमाझ उपस्थित मार्गनुगामी राष्ट्रिय दैनिकको लामो अविराम यात्रामा निरन्तर साथ र सहयोग गर्नु हुने पाठक, श्रोता–दर्शक, समाचार स्रोत, लेखक, विज्ञापनदाता, शुभेच्छुकलगायत सबै सबैप्रति हामी हार्दिक आभार प्रकट गर्दछौँ।

आदरणीय पाठक, श्रोता–दर्शकलाई थाहै छ, मार्गनुगामी राष्ट्रिय दैनिक पत्रकारितामा समाचार, फिचर, विचारहरू अत्यधिक पस्किने अनलाइन हो। यो सत्प्रयास निरन्तर जारी रहनेछ। हो, सूचना–प्रविधिको विकाससँगै सामाजिक सञ्जालको उछाल र परम्परागत सञ्चारमाध्यमको मझधारबाट हामी अगाडि बढिरहेका छौँ। यो पत्रकारिताको चुनौतीपूर्ण यात्रा हो। यद्यपि सत्य र निष्पक्ष सामग्रीका लागि समाचारको प्रामाणिकता र प्रशोधनका लागि आज र भविष्यमा पनि मार्गनुगामी राष्ट्रिय दैनिक पत्रिकाले राजमार्गको यात्रा गरिरहनेछ।

यो यात्राका क्रममा राष्ट्र, राष्ट्रियता, संविधान र यसले व्यवस्थित गरेका उपलब्धि र नागरिक अधिकारहरूको रक्षार्थ मार्गनुगामी चट्टानझैँ उभिने प्रण गर्दछ। अहिलेको अस्थिर राजनीति, कमजोर अर्थतन्त्र, सामाजिक उतारचढाव र भ्रष्टाचारको दलदलबाट बाहिर निस्कन मार्गनुगामीले आ नो सामर्थ्य अनुसार जोडबल लगाइरहनेछ।

यो यस कारण पनि भनेका हौँ कि यात्राको थालनी गर्दा हामीसँग केवल अठोट र आँट थियो, आज ११ वर्षे अनुभवले खारिएका छौँ। दिनहुँ लाखौँ पाठक, दर्शक–श्रोताको अपार मायाबाट प्राप्त उत्प्रेरणाले हामीलाई थप हौसला र टेवा मिलेको छ। यही बलमा अहिले हामीले नेपाली र अंग्रेजी भाषाका माध्यमबाट अक्षर र अडियो–भिडियोमार्फत नागरिकलाई सुसूचित गरिरहेका छौँ। संघीयताको मर्म बमोजिम मधेश प्रदेशका जनताका खबर, विचार र आवाज समेट्न हाम्रो पुँजी र शक्ति हो। प्रवासमा रहेका नेपालीका लागि हामीले www.marganugami.com ग्लोबल संस्करणको व्यवस्था मिलाएका छौँ।

तब त हामी सबैको, सबैभन्दा राम्रोत्र छौँ र भइरहने संकल्प गर्दछौँ। यो संकल्प यहाँहरू सबैको अझ बढी साथ, सहयोग र स्नेहबाट मात्र साकार हुन सक्छ।

# अमेरिका–इरान वार्ताको तयारी

**रामप्रसाद आचार्य**

पछिल्लो समय अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प इरानसित प्रत्यक्ष वार्ता गरी समस्या समाधान गर्न इच्छुक देखिनुभएको छ। उहाँले तेहरानसँग आणविक सम्झौताबारे प्रत्यक्ष वार्ता चाहेको बताउनुभएको छ। यसअघि उहाँले इरानले आणविक हतियार विकास गरे क्षेप्यास्त्र प्रहार गर्ने धम्कीसमेत दिनुभएको थियो।

अमेरिका र इरानबिच कूटनीतिक सम्बन्ध राम्रो छैन। लामो समयदेखि यी दुई मुलुकबिच तिक्तता छ। अमेरिकाले इरानको आणविक कार्यक्रमलाई लिएर बारम्बार प्रश्न उठाउँदै आर्थिक नाकाबन्दी लगाएको छ। इरानले भने आफ्नो आणविक कार्यक्रम शान्तिपूर्ण प्रयोजनका लागि भएको आणविक हतियार बनाउन नभएको दाबी गर्दै आएको छ। उसले जे जस्तो दाबी गरे पनि अमेरिकालगायत पश्चिमी मुलुक भने इरानले परमाणु हतियारको खोजी गरिहेको कुरामा विश्वस्त छन्। पछिल्लो समय अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प इरानसित प्रत्यक्ष वार्ता गरी समस्या समाधान गर्न इच्छुक देखिनुभएको छ। उहाँले तेहरानसँग आणविक सम्झौताबारे प्रत्यक्ष वार्ता चाहेको बताउनुभएको छ। यसअघि उहाँले इरानले आणविक हतियार विकास गरे क्षेप्यास्त्र प्रहार गर्ने धम्कीसमेत दिनुभएको थियो।

दशकौँदेखि पश्चिमी राष्ट्रहरूसँगको सम्बन्धलाई तनावपूर्ण बनाएको देशको आणविक कार्यक्रममा सहमतिमा पुग्न ट्रम्पले इरानी नेताहरूलाई दुई महिनाको समयसीमा दिनुभएको छ। अमेरिकासहितका पश्चिमी देशहरूले लामो समयदेखि इरानलाई आणविक हतियारको खोजी गरेको आरोप लगाएका छन्। उक्त आरोपलाई तेहरानले बारम्बार अस्वीकार गर्दै यसको समृद्धीकरण गतिविधि शान्तिपूर्ण उद्देश्यका लागि मात्र भएको दाबी गरेको छ। “मलाई लाग्छ प्रत्यक्ष वार्ता गर्नु राम्रो हुन्छ,” ट्रम्पले पत्रकारसँग भन्नुभयो, “मलाई लाग्छ यो छिटो हुन्छ र मध्यस्थकर्तामार्फत जानुभन्दा यसो गर्दा अर्को पक्षलाई धेरै राम्रोसँग बुझ्न सकिन्छ।” इरानका विदेशमन्त्री अब्बास अराघचीले तेहरानले इरानप्रति अर्को पक्षको दृष्टिकोणमा परिवर्तन नआएसम्म वासिङ्टनसँग प्रत्यक्ष वार्ता हुन कठिन हुने प्रतिक्रिया व्यक्त गर्नुभएको छ।

ट्रम्पले आफ्नो पहिलो कार्यकालमा पूर्ववर्ती बाराक ओबामाले सन् २०१५ मा छ शक्ति राष्ट्र (अमेरिका, बेलायत, फ्रान्स, चीन, रुस र जर्मनी) ले इरानसँग गर्नुभएको आणविक सम्झौता रद्द गर्नुभएको थियो। त्यसपछि उहाँले इरानमाथि कठोर प्रतिबन्ध लगाउनुभएको छ। तेहरान र शक्तिहरूबिच सम्पन्न भएको सो सम्झौताले इरानलाई प्रतिबन्धबाट राहत दिने बदलामा आफ्नो आणविक महह्ववाकांक्षाालाई सीमित गर्न बाध्य पारेको थियो।

“उनीहरूले मध्यस्थकर्ता प्रयोग गर्न चाहन्थे, त्यो अब आवश्यक छ भन्ने मलाई लाग्दैन,” ट्रम्पले भन्नुभयो, “मलाई लाग्छ उनीहरू चिन्तित छन्, मलाई लाग्छ, उनीहरू आफूलाई कमजोर महसुस गर्छन्। मैले उनीहरूलाई त्यस्तो महसुस गराउन चाहन्न, मलाई लाग्छ, उनीहरू भेट्न चाहन्छन्।” ट्रम्पले इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीलाई आणविक वार्ताको आह्वान गर्न र तेहरानले अस्वीकार गरेमा सम्भावित सैन्य कारबाहीको चेतावनी दिन पत्र लेखेको बताउनुभएको थियो।

खामेनीले अमेरिकी धम्कीले उनीहरूलाई कतै पनि पुऱ्याउने छैन भन्दै इरानविरुद्ध यदि उनीहरूले केही हानिकारक काम गरे भने पारस्परिक उपाय रोज्ने चेतावनी दिनुभएको थियो। ट्रम्पले इरानले आणविक हतियार विकास गर्ने प्रयास छोडेको छैन भने बमबारी गर्नेसम्मको चेतावनीको भाषा बोल्नुभएको थियो। इजरायलले इरानका दुई सहयोगी हमास (सन् २०२३ अक्टोबर ७ मा इजरायलमा आक्रमण गर्ने प्यालेस्टिनी लडाकु) र लेबनानको हेजबुल्लाहमाथि ठुलो क्षति पुऱ्याएपछि ट्रम्पको पहुँच इरानका लागि कमजोर स्थितिमा आएको छ।

राष्ट्रपति ट्रम्पले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुसँगको ह्वाइट हाउस बैठकमा इरानसित प्रत्यक्ष वार्ता गर्ने घोषणा गर्नुभएको हो। ओभल अफिसमा बोल्दै ट्रम्पले तेहरानसँग सम्झौतामा पुग्ने आशावादी रहेको तर वार्ता असफल भएमा इरान ठुलो खतरामात्र पर्ने चेतावनी दिनुभयो।

“यदि इरानसँगको वार्ता सफल भएन भने मलाई लाग्छ कि इरान ठुलो खतरामा पर्ने छ र म यो भन्न घृणा गर्छु, ठुलो खतरा किनभने उनीहरूसँग आणविक हतियार हुन सक्दैन,” उहाँले भन्नुभयो। यसैबिच अधिकारीहरूले रुस, चीन र इरानले मस्कोमा इरानी आणविक मुद्दामा परामर्श गरेका छन्। नेतन्याहु व्यक्तिगत रूपमा विश्वलाई हल्लाउने अमेरिकी करबाट मुक्तिका लागि अनुरोध गर्ने पहिलो विदेशी नेता बनेपछि ट्रम्पको यस्तो खुलासा भएको हो। इजरायली प्रधानमन्त्रीले दुई देशबिचको व्यापार घाटा हटाउने र व्यापारका अवरोधहरूत्र पनि कम गर्ने प्रतिज्ञा गर्नुभयो। उहाँको देशले बैठकअघि अमेरिकी आयातमा आफ्नो अन्तिम बाँकी भन्सार शुल्क हटाउन कदम चालेको थियो।


नेतन्याहु र ट्रम्पले गाजाबारे पनि छलफल गर्नुभयो। गाजामा अमेरिकी मध्यस्थता गरिएको इजरायल र हमासबिचको अल्पकालीन युद्धविराम भङ्ग भएको छ। नेतन्याहुले सन् २०२३ अक्टोबरमा इजरायलमा भएको आक्रमणका क्रममा हमासले लिएका थप बन्धकलाई मुक्त गर्ने उद्देश्यले नयाँ वार्ता भइरहेको बताउनुभयो। “हामी अहिले अर्को सम्झौतामा काम गरिरहेका छौँ, जुन सफल होस् भन्ने आशा छ र हामी सबै बन्धकलाई बाहिर निकाल्न प्रतिबद्ध छौँ,” उहाँले भन्नुभयो।

इरानमाथि दबाब बढ्दो छ र देशको अर्थतन्त्र सङ्कटमा छ। त्यहाँ मूल्यवृद्धि ३२ प्रतिशत नाघेको छ, बेरोजगारी बढिरहेको छ र देशको मुद्रा अहिलेसम्मकै न्यूनतम विन्दुमा झरेको छ। विशेष गरी युवा र मध्यम वर्गमा सार्वजनिक निराशा बढ्दो छ। पछिल्ला वर्षमा देखिएका व्यापक प्रदर्शनले त्यहाँको आर्थिक कठिनाइ र राजनीतिक दमनबाट गुज्रिएको समाजलाई देखाउँछ। अहिले इरानको क्षेत्रीय प्रभाव पनि कमजोर बनेको छ। उसका प्रमुख छद्म प्रतिनिधि हेजबुल्लाह, हमास र हुथीहरू पराजित भएका छन्। सिरियामा बसर अल–असदको सत्ता ढलेसँगै इरानको हेजबुल्लाहसँग महह्वपूर्ण सम्बन्ध टुटेको छ र उसको क्षेत्रीय प्रभाव घटेको छ। आन्तरिक अशान्ति र क्षेत्रीय जोखिमका कारण इरान एक्लिँदै गएको छ। त्यसकारण तेहरानले प्रतिबन्ध खुकुलो बनाएर सास फेर्ने ठाउँको खोजिरहेको छ। सन् २०१३ मा तत्कालीन अमेरिकी राष्ट्रपति बाराक ओबामा र इरानी समकक्षी हसन रोहानीबिच भेटवार्ता भएको थियो। त्यो सन् १९७९ को इस्लामिक क्रान्तिपछिको सबैभन्दा उच्च तहको वार्ता थियो। त्यही वार्ताको फलस्वरूप सन् २०१५ मा छ शक्ति राष्ट्र र इरानबिच आणविक सम्झौता भएको थियो। यो सम्झौताबाट इरानलाई ठुलो राहत मिलेको थियो तर अमेरिकामा ट्रम्प राष्ट्रपति बनेपछि सन् २०१८ मा सो सम्झौता खारेज गरी इरानमाथि थप प्रतिबन्ध लगाइएको थियो। सन् १९५३ देखि अमेरिकी गुप्तचर निकाय (सिआइए) को आडमा प्रधानमन्त्री मोहम्मद मोसादेघ अपदस्थ भएको घटनादेखि इरान र इराकबिच भएको युद्धमा अमेरिकाले सद्दाम हुसेनलाई गरेको समर्थनसम्मका घटनालाई इरानी नेताले बिर्सेका छैनन्। ती घटनासँगै सबैभन्दा पछिल्लो समय अमेरिकी ड्रोन आक्रमणमा भएको जेनरल कसिम सुलेमानीको हत्यालाई पनि इरानी नेतृत्वले धोका र शत्रुता मान्ने गरेको छ। यी घटनाहरू तेहरानले बिर्सँदैन र उसका निर्णय प्रभावित हुन्छन्।

इरानका लागि लिबियाको जस्तो परमाणु निरस्त्र हुने सम्झौता छलफलको विषय नहुन सक्छ। परमाणु अस्त्रविहीन बनेपछि कर्णेल गद्दाफीको सत्ता सन् २०११ मा पश्चिमा राष्ट्रको आडमा भएको प्रदर्शनमा ढल्यो। उनको पनि हत्या भयो। इरानका सर्वोच्च नेताले गद्दाफीको हालतलाई सतर्कतापूर्वक हेर्ने गरेका छन्। अहिले इरानको परमाणु कार्यक्रम नै उसको मोलमोलाइको सबैभन्दा बलियो आधार हो। उसका सबै क्षेत्रीय प्रतिनिधि कमजोर भएको समय र अर्थतन्त्र कमजोर बनेको अवस्थामा उससँग बाँकी अब परमाणु शक्ति मात्रै छ। कुनै बलियो सुनिश्चितबिना यो पनि त्याग्ने हो भने इरानी सत्ता विदेशी आक्रमण र आन्तरिक असन्तुष्टिको चपेटामा पर्न सक्छ।

अमेरिकासँग प्रत्यक्ष वार्ता गर्दा इरानका सत्तासँग निकटस्थ उच्च वर्गमा राजनीतिक उथलपुथल सिर्जना हुन सक्छ। यसले मध्यमार्गीलाई बलियो बनाउनुका साथै इरानको रिभलुसनरी गार्ड्सलाई कमजोर बनाउन सक्छ। अनि त्यसले इरानी सत्ताको पश्चिमाविरोधी बुझाइलाई पनि चुनौती दिन सक्छ। यदि कूटनीतिक वार्ता सफल भयो र आर्थिक अवस्थामा सुधार भयो भने सुधारवादी आन्दोलनको उदय हुन सक्छ। त्यसले कट्टरपन्थीको पकडलाई चुनौती दिन सक्छ। अहिले दुवै पक्षसमक्ष के गर्ने के नगर्ने भन्ने चुनौती देखा परेको छ। अमेरिकाले पनि पारमाणविक गतिविधिलाई सीमित गर्ने वा निगरानीमा राख्ने यसअघिको सम्झौता गर्ने वा इरानका रणनीतिक पूर्वाधार निष्क्रिय बनाउने महँगो सम्झौतामध्ये एउटा रोज्नुपर्ने छ। इरानले वैचारिक कारणले आफू एक्लो पर्न सक्ने सम्भावनाबारे विचार गर्नुपर्ने अवस्था छ।

वासिङ्टनमा कतिपय कूटनीतिज्ञले इरानसँग कूटनीति विफल हुने भन्दै सैन्य कारबाहीमा जोड दिएका छन्। अन्य कतिपय अमेरिकीले वार्ताबाट परिणाम पनि आउन सक्ने र उक्त क्षेत्रमा तनाव कम गर्दै स्थायित्व हासिल हुने अपेक्षा पनि गरेका छन्। त्यो सम्भावना निकै उच्च छ। अमेरिका र इरानबिचको सम्बन्धमा नयाँ ढोका खुल्न सक्छ। त्यसमा विफलताले यसअघि नै तरल रहेको क्षेत्रमा थप अस्थिरता निम्त्याउन सक्छ। इरानका हकमा आन्तरिक र बाह्य दबाब छ। खामेनीलाई अझै पनि आफ्नो अडान नछाड्न सम्भावनाका बिच आर्थिक, सामाजिक कारण र अशान्ति तथा रणनीतिक आवश्यकतालाई छल्न पनि कठिन भइरहेको छ। वार्ता सफल वा विफल जे भए पनि त्यसको परिणामले इरानको पारमाणविक कार्यक्रमको मार्गलाई मात्र नभई मध्यपूर्वको सुरक्षाको भविष्यलाई पनि नयाँ स्वरूप दिने छ।

GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

# सरकारले सुशासनको अपेक्षा पूरा गर्नुपर्ने

काठमाण्डौं, ४ बैशाख। नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले कांग्रेस र एमाले मिलेर बनेको वर्तमान सरकारले संविधान संशोधन र सुशासनको अपेक्षा पूरा गर्नुपर्ने बताउनुभएको छ। नेपाली कांग्रेस क्षेत्र नम्बर ३ बाराको क्षेत्रीय अधिवेशनको बुधबार बड्हर्वामा उद्राटन गर्दै यस्तो कुरा बताउनुभएको हो। उहाँले भन्नुभयो, “जनअपेक्षा धेरै छन्। त्यो पूरा गर्न सरकारले आ नो कार्यशैली बदल्नु पर्छ।” उहाँले नेपाली जनतासँग २०८४ सालसम्म हामी सरकार अदलबदल गर्दैनौँ भनेर बाचा गरेका थियौँ त्यसै कारण हामी सरकार बदल्ने होइन सरकारको काम गर्ने शैली र गति बदल्न चाहन्छौँ।” महामन्त्री थापाले प्रदेश सरकारमा भ्रष्टाचार र अनियमितताका कुरा बढी आएका छन् भन्दै स ीयताको आधारस्तम्भका रूपमा रहेको मधेश प्रदेशमा भ्रष्टाचार र अनियमितता अन्त्य गर्न सबै जुट्नुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, “अबको एक वर्षको समय देश र जनताको पक्षमा काम गरी आम नागरिकलाई भरोसा दिलाउनु पर्छ। म पनि मधेश यात्रा सुरु गर्छु र यहाँका प्रत्येक पालिकामा पुग्छु।” उहाँले आगामी निर्वाचनमा कांग्रेस कुनै दलसँग मिलेर गठबन्धन गरी चुनावमा जाने कल्पना पनि गर्न नसक्ने जिकिर गर्नुभयो। उहाँले कांग्रेसको जग मधेशलाई थप मजबुत बनाएर मधेशको बलमा २०८४ को चुनावमा कांग्रेसले एकल बहुमत हासिल गर्नेसमेत दाबी गर्नुभयो। उहाँले विगतमा सम्पन्न निर्वाचनमा पार्टीभित्रै व्यापक अन्तरघात भएको र आगामी निर्वाचनमा त्यस्तो प्रवृत्तिको अन्त्यका लागि पार्टीको विधानसमेत संशोधन गरिनुपर्ने कुरामा जोड दिनुभयो। महामन्त्री थापाले पार्टीको क्रियाशील सदस्यता वितरण, वैशाख १५ गतेसम्म टुङ्गो लगाउनुपर्ने कुरामा जोड दिँदै पार्टीभित्र बृहत्तर एकता आपसी सहमति सहकार्यको आवश्यकता रहेकोमा जोड दिनुभयो। उहाँले नेपाललाई स ीय गणतन्त्र घोषणा गर्ने पार्टी कांग्रेस भएको हुँदा अन्य तन्त्रका बारेमा सोच्न पनि नसकिने बताउनुभयो। नेपाली कांग्रेस क्षेत्र नम्बर ३ का अध्यक्ष प्रभातकुमार चौरसियाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पार्टीका सहमहामन्त्रीद्वय फरमुल्लाह मन्सुर, उमाकान्त चौधरी, केन्द्रीय सदस्य प्रकाश रसाइली, निरु रायमाझी, शम्भुबहादुर ठकुरी, उपेन्द्र यादव (उपन), विजयशङ्कर यादव, मधुशाही ठकुरीलगायतले क्षेत्रीय अधिवेशनको सफलताको शुभकामना दिनुभएको थियो।

# बालविवाह रोक्न सक्रिय किशोरकिशोरी नै जोखिममा

जनकपुर, ४ बैशाख। सर्लाहीको हरिपुर्वा नगरपालिका–९, निवासी नाम परिवर्तन १८ वर्षीया सिमा खातुन कक्षा १२ मा पढ्नु हुन्छ। उहाँ हरिपुर्वा नगरपालिका–५, मा रहेको श्री केश्वरगरिब जनता माध्यमिक विद्यालयमा अध्ययनरत हुनुहुन्छ। बागमती सेवा समाज नामक गैरसरकारी संस्थाको सहयोगमा उहाँ पछिल्लो समय बालविवाह हुननदिन लागिपर्नु भएको छ। उहाँले तराई मधेसमा कुरीतिका रुपमा रहेको बालविवाह तथा दाइजो प्रथा रुचि भएकी सिमाले कुरीतिविरुद्धको लडाइँमा लागेको बताए।

विभिन्न संघसंस्थामा जोडिएपछि लैङ्गिक विभेद, परम्परागत कुरीतिका बारेमा जन्ने मौका पाएको र त्यसविरुद्ध लाग्ने अवसर पाएकी उहाँ क्रियशील बाल क्लबले गाउँमा बालविवाह, दाइजो प्रथालगायतको कुरीति हटाउन चेतनामूलक गतिविधि सञ्चालन गर्दै आएको छ। लामो समयदेखि जरो गाडेको बालविवाह,



दाइजो प्रथा त्यति सजिलै अन्त्य नहुने उहाँ बताउनुहुन्छ। मुस्लिम समुदायमा यो अभिशाप बनेको छ। सोही समुदायकी उहाँ छोरी मान्छे बोल्नु नै गलत मान्ने समाजमा अधिकारका कुरा गर्न आफूलाई कठिन भएको बताउनुभयो। “हाम्रो समुदायमा छोरा चाहिने गलत सोचका कारण धेरै छोरी जन्मिएका छन्,” उहाँले भन्नुभयो, “छोरी धेरै भएपछि आमाबुबालाई विवाहमा हुने आर्थिक भारको चिन्ता हुन्छ। त्यसबाट छुटकारा पाउन वाल्यावस्थामा नै बिहे गरिदिने चलन छ।”

बाल क्लबमा आबद्ध भएपछि किशोरकिशोरी अवस्थामा हुने शारीरिक परिवर्तन, लैङ्गिक विभेद, बालविवाह, दाइजो प्रथाले निम्त्याउने दीर्घकालीन असरबारे जान्न पाएको उहाँले सुनाउनुभयो। मुलुकको कानुनले २० वर्ष नपुगी गरिने विवाहलाई बालविवाह मानिएको छ। बालविवाह गैरकानुनी हुन्छ। बालविवाह गरे स्वतः बदर हुने र विवाह गर्नेगराउनेलाई कानुनी कारबाही हुने व्यवस्था छ तर त्यो कार्यान्वयन नहुँदा कुरीति नियन्त्रण नभएको किशोरी हरिपुर्वा नगरपालिका–२, निवासी रीता चौधरीले गुनासो गर्नुभयो।

बाल क्लबबाट गाउँमा भइरहेको बालविवाह रोक्न जाँदा वा जानकारी दिँदासमेत आफूहरूलाई समस्यामा पार्ने गरेको उहाँको गुनासो छ। कानुनले अपराध मानेको बालविवाहको भोजमा जनप्रतिनिधिदेखि सामाजिक व्यक्तित्व र राजनीतिक दलका नेता स्वयम् उपस्थित भएर भोज खाने गरेका उहाँले सुनाउनुभयो। “हामीले गैरसरकारी संस्थाको सहयोगबाट बाल क्लब गठन गरेका छौँ”, उहाँले भन्नुभयो, “यस क्लबले बालविवाह कम गर्न लागि अभिभावकलाई सचेत गराउन सडक नाटक, र्‍यालीदेखि, बालविवाह रोक्नेसम्मका काम गरिरहेको छ। एक पटक गाउँमा बालविवाह हुनलागेको थाहा पायौँ। सबै साथी रोक्नुपर्छ भनेर बिहे घर पुग्यौँ। बालिकाका बुबा, आमालगायत परिवारलाई सम्झाउने कानुनी कारबाहीको डर देखायौँ।

–बाँकी अन्तिम पेजमा

## ‘जसले न्याय ...

आनन्दीदेवीका श्रीमान् उमेशले बताए। उनले भने, “प्रहरीले सुरुमा जाहेरी दर्ता गर्ने र पीडकमाथि कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाउने आश्वासन दिएको थियो। यसको लामो समयसम्म प्रहरीबाट घटना सम्बन्धमा कुनै प्रतिक्रिया आएन। माघ ४ गते मात्रै प्रहरीले उक्त जाहेरी दर्ता भएको भन्दै एउटा कागजमा दर्ता नम्बरसहितको चिट दियो। फेरि त्यसको भोलिपल्ट पुनः कार्यालयमा बोलाएर उक्त दर्ता नम्बरको कागज हाम्रै सामुन्नेमा प्रहरी च्यातिदियो।”

यही क्रममा अन्तर्राष्ट्रिय महिला दिवसको अवसर पारेर मानवअधिकारकर्मीहरूको समूहले मार्च ६ तारिखका दिन नवराजपुरमा एक सार्वजनिक कार्यक्रमको आयोजना गरेको थियो। उक्त कार्यक्रममा आफ्नो पीडा सुनाउन आनन्दीदेवी र उनकी आमा बिलटैनदेवी सदाय उपस्थित भए। महेशपुर पतारी प्रहरी चौकीका प्रमुख प्रहरी निरीक्षक रबिन मैनालीसमेत उपस्थित उक्त कार्यक्रममा पीडित आनन्दीदेवीले प्रहरीले आफूमाथि भएको घटनाको जाहेरी दर्तासमेत नगरेको बताएको मानवअधिकारकर्मी मुक्ति नेपालका अध्यक्ष देवकुमारी महराले जानकारी दिए। त्यसपछि जिल्लास्थित मानवअधिकारकर्मीको संयुक्त टोलीले घटनासम्बन्धमा चासो राखी प्रहरीलाई दबाब दिएपछि मात्रै जाहेरी दर्ता भएको उनको भनाइ छ।

महराले भने, “घटनाबारे जानकारी पाउनासाथ हामीले तत्कालै प्रहरी निरीक्षक मैनालीलाई के कति कारणले जाहेरी दर्ता नभएको भनी प्रश्न गर्‍यौँ। उनले तत्कालीन जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख तथा प्रहरी उपरीक्षक रमेश पण्डितको ठाडो आदेशका कारण आफूले जाहेरी दर्ता नगरेको जवाफ दिउ। त्यसपछि हामीले जिल्ला प्रहरीमा दबाब सिर्जना गरेका कारण भोलिपल्ट जाहेरी दर्ता त भयो तर कुनै पनि अनुसन्धान प्रक्रिया अघि बढेन, जुन खेदजनक र निन्दनीय छ।” घटना सार्वजनिक भइसकेको, पीडितले न्यायका लागि गुहारिसकेको अवस्था पनि प्रहरी प्रशासनले त्यसलाई गम्भीर रूपमा नदिएकाले ज्यान गुमाउन बाध्य हुनुपरेको अनौपचारिक क्षेत्र सेवा केन्द्र ९इन्सेक० नेपाल सिरहाका प्रतिनिधि दुर्गा परियार बताउनुहुन्छ। मानवअधिकारकर्मीको तीव्र दबाबका बीच पीडितलाई न्याय दिलाउन प्रहरीले उदासीनता देखाएको भए यस्तो अवस्था नआउने उहाँको बुझाइ छ। “पीडकहरू खुलेआम हिँल गर्दा पनि पक्राउ नपर्नुले र पीडितलाई न्यायको अनुभूति दिलाउन नसक्दा अप्रिय घटना घट्यो। यसको जवाफदेहिता अब कसले लिन्छरु”, परियारले प्रश्न गर्नुभयो।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख तथा प्रहरी उपरीक्षक अनन्तराम शर्माले गत फागुन २५ गते उक्त घटना सम्बन्धमा जबर्जस्ती करणी उद्योगमा मुद्दा दर्ता भएको जानकारी दिनुभयो। किटानी जाहेरी दिएको ७५ दिनपछि मात्रै मुद्दा दर्ता भएको देखिएको र यो घटना आफू जिल्लामा आउनुअघिको भएकाले किन त्यसो भएको हो भनेर बुझ्नुपर्ने उहाँको भनाइ छ। “गत फागुन २५ गते यस घटना सम्बन्धमा पीडितका तर्फबाट जबर्जस्ती करणी उद्योगमा मुद्दा दर्ता भएको रहेछ। पीडकहरुरू फरार छन्। पीडितमाथि यौन दुर्व्यवहारपश्चात् प्रहरीले मेडिकल जाँच र जिल्ला अदालतबाट पीडकविरुद्ध पक्राउ पुर्जी जारी गर्ने काम समयमै गरेको पाइन्छ। हामी अनुसन्धानकै क्रममा छौँ। बुधबार पीडित परिवारलाई भेटेर जानकारीसमेत लिएका छौँ”, प्रहरी उपरीक्षक शर्माले भन्नुभयो।

घटना मिलापत्रको प्रयास

कानुनअनुसार यस्तो घटनालाई मिलाउन पञ्चायती बस्न वा गाउँमै मिलापत्र गर्न मिल्दैन तर घटना मिलापत्र गर्न भन्दै पीडितलाई दबाब आएको परिवारले जनाएको छ। “प्रहरीले जाहेरी दर्ता गर्न आलटाल गरिरहेकै बेला घटनामा संलग्न व्यक्तिका आफन्त आएर रु एक लाख दिने र गाउँघरको घटना गाउँमै मिलाउनुपर्छ, बाहिर लैजानु हुँदैन भन्दै दबाब दिए। गरिबको पनि इज्जत हुन्छ। हामीलाई न्याय चाहिन्छ, पैसा होइन भन्ने जवाफ दियौँ तर न्याय पाइएन” भावुक हुँदै मृतककी भाउजू बिनीतादेवीले भन्नुभयो।

उहाँले कानुन बुझेका शिक्षक र कानुनको पालना गराउने र न्याय दिलाउने जिम्मेपवारीमा रहेका केही प्रहरी अधिकारीले पनि मिलापत्रका लागि दबाद दिएको परिवारको आरोप छ। मृतककी आमा बिलटैनदेवी सदायले भन्नुभयो, “कानुनको कार्यान्वयन गर्ने व्यक्ति र निकायबाटै छोरीमाथि घोर ज्यादती भएको छ। यस्तो ज्यादती गर्ने र पैसा नभएको व्यक्ति मुद्दा नलड्न भन्दै मिलापत्र गर्न उक्साउनेमाथि पनि अनुसन्धान हुनुपर्छ।”

**गृहमन्त्रीद्वारा घटनाको सूक्ष्म छानबिन गर्न निर्देशनपछि प्रहरी सक्रिय**

पीडित आनन्दीदेवी मङ्गलबार झुन्डिएर मृत फेला परेपछि घटनाको सूक्ष्म रूपमा छानबिन गर्र्न गृहमन्त्री रमेश लेखकले प्रहरी प्रशासनलाई निर्देशन दिनुभएको छ। उहाँले घटनाबारे गम्भीर चासो व्यक्त गर्दै प्रहरी महानिरीक्षक दीपक थापालाई फोन गरी घटना सम्बन्धमा सत्यतथ्य छानबिन गर्न निर्देशन दिनुभएको गृहमन्त्रीको सचिवालयले जनाएको छ।

तराई मधेशको लोकप्रिय पत्रिका
मार्गानुगामी राष्ट्रिय दैनिक
१२औं वर्षमा प्रवेश
हार्दिक शुभकामना

समाचारको प्रस्तुतीको फरक शैली, पाठकको मन जित्न सफल लोकप्रिय दैनिक मार्गानुगामी राष्ट्रिय दैनिक पत्रिका ११औं वर्ष पूरा गरी १२औं वर्षमा प्रवेश गरेको छ। यसमा अवसरमा मार्गानुगामी दैनिक पत्रिका उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।
अनन्त राम शर्मा
प्रहरी उपरीक्षक
जिल्ला प्रहरी कार्यालय, सिरहा

तराई मधेशको लोकप्रिय पत्रिका
मार्गानुगामी राष्ट्रिय दैनिक
१२औं वर्षमा प्रवेश
हार्दिक शुभकामना

समाचारको प्रस्तुतीको फरक शैली, पाठकको मन जित्न सफल लोकप्रिय दैनिक मार्गानुगामी राष्ट्रिय दैनिक पत्रिका ११औं वर्ष पूरा गरी १२औं वर्षमा प्रवेश गरेको छ। यसमा अवसरमा मार्गानुगामी दैनिक पत्रिका उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।
संजित कुमार लामा
वडा अध्यक्ष
गोबलजार नगरपालिका वडा नं. ६

तराई मधेशको लोकप्रिय पत्रिका
मार्गानुगामी राष्ट्रिय दैनिक
१२औं वर्षमा प्रवेश
हार्दिक शुभकामना

समाचारको प्रस्तुतीको फरक शैली, पाठकको मन जित्न सफल लोकप्रिय दैनिक मार्गानुगामी राष्ट्रिय दैनिक पत्रिका ११औं वर्ष पूरा गरी १२औं वर्षमा प्रवेश गरेको छ। यसमा अवसरमा मार्गानुगामी दैनिक पत्रिका उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।
मनोज बनैता यादव
सभापति
नेपाल पत्रकार महासंघ, शाखा सिरहा

तराई मधेशको लोकप्रिय पत्रिका
मार्गानुगामी राष्ट्रिय दैनिक
१२औं वर्षमा प्रवेश
हार्दिक शुभकामना

समाचारको प्रस्तुतीको फरक शैली, पाठकको मन जित्न सफल लोकप्रिय दैनिक मार्गानुगामी राष्ट्रिय दैनिक पत्रिका ११औं वर्ष पूरा गरी १२औं वर्षमा प्रवेश गरेको छ। यसमा अवसरमा मार्गानुगामी दैनिक पत्रिका उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।
शिव कुमार साह
अध्यक्ष
प्रेस चौतारी नेपाल, शाखा सिरहा

# सातै प्रदेशका उपसभामुखको सम्मेलन धनुषामा सुरु

**विजयकुमार साह**

ढल्केवर, ४ वैशाख । संघीयता र संसदीय अभ्यासलाई केन्द्रमा राखेर सातै प्रदेशका उपसभामुखको सम्मेलन बिहीबारदेखि धनुषाको लालगढमा सुरु भएको छ। मधेश प्रदेशसभा सचिवालयद्वारा आयोजित तीन दिने सम्मेलनमा उपसभामुखहरूको भूमिकासँगै नीतिगत सुधारका विषयमा गहन छलफल हुने आयोजकले जनाएको छ। कार्यक्रमको उद्राटन सत्रमा बोल्नुहुँदै मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले संघीयताको उपलब्धिहरूलाई आम जनसमक्ष प्रभावकारी ढङ्कले प्रस्तुत गर्न नसकिएकोमा बताउनुभयो। उहाँले भन्नुभयो, “संघीयता कार्यान्वयन भएको सात–आठ वर्ष बितिसक्यो। यस अवधिमा शिक्षा, स्वास्थ्य र पूर्वाधार क्षेत्रमा थुप्रै काम भएका छन्। तर तिनलाई प्रचार गर्न सकेनौं।” मुख्यमन्त्री सिंहले संघीयताको जननीको रहेको बताउँदै उहाँले नेपाललाई आ नै पहिचानमा चिनाउनुपर्ने आवश्यकता औंल्याउनुभयो। उहाँले थप्दै भन्नुभयो, “हामी नेपाललाई विशुद्ध रूपमा नेपाल बनाउनुपर्छ। हाम्रो देशमा बुद्ध, सीता र पशुपतिनाथ छन्। प्राकृतिक पर्वत र सम्पदाहरू छन् जसलाई प्रवर्धन गर्न सके पर्यटनमार्फत देशको अर्थतन्त्र मजबुत बनाउन सकिन्छ।”

मुख्यमन्त्री सिंहले सांसदहरूको प्रमुख भूमिका कानुन निर्माण हो भन्ने विषयमा जनचेतना अभाव रहेको पनि उल्लेख गर्नुभयो। उहाँले सडक, पुल र अस्पतालका विषयलाई लिएर जनताले गुनासो त सुनाउँछन् तर एक जनाले पनि सांसदहरूले कति वटा कानुन बनाए भनेर सोध्दैन भन्दै प्रश्न गर्नुभयो।

सम्मेलनमा मधेश प्रदेश सभाका सभामुख रामचन्द्र मण्डलले नेपालको राजनीतिक इतिहासमा संसदीय अभ्यासको निरन्तरतामाथि प्रकाश पार्दै संघीय लोकतान्त्रिक गणतन्त्रलाई सबभन्दा उत्कृष्ट शासन प्रणालीको रूपमा व्याख्या गर्नुभयो। उहाँले विधेयक निर्माण, परीक्षण, निरीक्षण र संसदीय निगरानीलाई संस्थागत गर्दै जानुपर्नेमा जोड दिनुभयो। सभामुख मण्डलले वर्तमान संविधान गतिशील दस्तावेज भएको र त्यसलाई आत्मसात गर्नुपर्ने बताउँदै उहाँले संविधान फेर्ने प्रवृत्ति राज्य सत्ता अस्थिरताको प्रमुख कारण भएकाले त्यसलाई निषेध गर्नुपर्ने धारणा राख्नुभयो। सम्मेलनमा प्रतिनिधिसभा उपसभामुख इन्द्रेणी राना, राष्ट्रियसभा उपाध्यक्ष विमला घिमिरे र उमिला अर्याल, प्रदेश उपसभामुखहरू बबिताकुमारी राउत (मधेश), सुजना दङ्गाल ( कोशी), अमरसा चापागाईं ( बागमती), बिनाकुमारी थापा ( गण्डकी), मनेका खाँड केसी ( लुम्बिनी), यशोदा न्यौपाने ( कर्णाली), र कौशिलादेवी चौधरी (सुदूरपश्चिम) सहभागी हुनुहुन्छ । कार्यक्रममा संविधानविद् तथा प्रशासन विज्ञ काशीशरण दहालले पनि संसदीय अभ्यास र संघीयता सुदृढीकरणका लागि आवश्यक विधिक संरचनाबारे प्रस्तुती दिनुभयो। सम्मेलनमा उपसभामुखहरू बिच अनुभव आदानप्रदानसँगै भविष्यका सुधारात्मक सुझावहरू प्रस्तुत गरिने छ। संसदीय अभ्यास सुदृढ गर्न आयोजित यो सम्मेलनलाई संघीय शासन प्रणालीलाई थप प्रभावकारी बनाउन महत्त्वपूर्ण पहलको रूपमा हेरिएको प्रशासन विज्ञ दाहालले बताउनुभयो।

## बालविवाह ...

जनप्रतिनिधिले उल्टै हामीलाई धम्क्याए।” समाजका अगुवा भनिएका जनप्रतिनिधि, कानुन कार्यान्वयन गर्न बसेका प्रहरी प्रशासनले यस्ता कुरीतिलाई प्रोत्साहन दिने गरेका अर्की नाम परिवर्तन कुमारी साहको दाबी छ। घटनाको विषयमा प्रहरीलाई सुटुक्क जानकारी दिँदा पनि प्रहरीले उजुरीकर्ताको गोपनीयता भङ्ग गरिदिने गरेको उहाँको अनुभव छ। “मैले गाउँको एउटा घटनाका बारेमा प्रहरीलाई खबर गरेको थिए”, उहाँले भन्नुभयो, “तुरुन्त केटी पक्षका आफन्त तिमीले प्रहरीलाई बालविवाह हुँदैछ, भनेर भनेको रे हो रु मेरो छोरीको विवाह तिमी गरिदिन्छौँ, उनको भविष्यको चिन्ता तिमीलाई कि हामीलाई रु भनेर गाली गर्नुभयो।”

सामान्य कुरामा समेत केटाकेटी भाग्ने परिपाटीले चिन्तित तुल्याउने गरेको अभिभावक सर्लाहीको चन्द्रनगर गाउँपालिका–५, का रामबाबु चौधरीले बताउनुभयो। घरमा थोँरै गाली गरे, हप्काए पनि छोराछोरी भाग्न थालेकाले त्यही डरले अधिकांश अभिभावकले सानै उमेर छोरीको विवाह गरिदिने गरेका उहाँ बताउनुहुन्छ। “तराई मधेसमा इज्जत ठूलो मान्छ”, चौधरीले भन्नुभयो, “छोरी भाग्नु त्यो परिवारका लागि गम्भीर सामाजिक प्रतिष्ठाको विषय हो। त्यसमा पनि अन्तरजातीय भयो भने त्यो परिवारको समाजमा कुनै इज्जत रहँदैन।” रीता जस्तै जिल्लाको हरिपुर्वा नगरपालिकामा १२ वटा र पर्सा गाउँपालिकामा सातवटा र एउटा गाउँपालिकास्तरीय बाल क्लब सञ्जाल गरी ३७८ जना किशोरकिशोरी बाल क्लबमा आबद्ध छन्। उहाँहरूले बालविवाह, दाइजो प्रथालगायतको कुरीतिविरुद्ध काम गर्ने गरिरहेका संस्थाका कार्यक्रम संयोजक प्रमेश बादेले बताउनुभयो। संस्थाले पालिकासँगको सहकार्यमा बाल विकासका क्षेत्रमा विभिन्न काम गरिरहेको उहाँले बताउनुभयो। विकास साझेदार संस्था वल्डभिजनको सहयोगमा बागमती सेवा समाजले दुईवटा पालिकामा बाल विकासका विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको हो।

# ढल्केबरबाट विद्युत् आपूर्ति सुचारु



काठमाण्डौं, ४ बैशाख। गत पुस धनुषाको ढल्केबरमा रहेको देशकै सबैभन्दा ठुलो विद्युत् सब स्टेसनमा आगलागीका कारण अवरुद्ध भएको विद्युत् आपूर्ति सुचारु भएको छ। बुधबार बिहान ७:३० बजे भएको आगलागीपछि धनुषा र महोत्तरी जिल्लामा विद्युत् सेवा प्रभावित भएको थियो। बिहीबार दिउँसो ३ बजेबाट ती जिल्लामा पुनः विद्युत् आपूर्ति सुरु भएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ। नेपाल विद्युत् प्राधिकरणका महासचिव विनोद लोहनीका अनुसार ढल्केबर ग्रिडबाट सिन्धुलीतर्फ जाने प्रसारण लाइनको करेन्ट ट्रान्सफरिङ उपकरण पड्किएपछि आगलागी भएको थियो। प्रारम्भमा देशका विभिन्न जिल्लामा विद्युत् आपूर्ति प्रभावित भए पनि क्रमशः सेवा पुनः सञ्चालनमा ल्याइएको थियो। धनुषा र महोत्तरीमा भने २९ घण्टापछि विद्युत् सुचारु भएको उहाँले जानकारी दिनुभयो। आगलागीका कारण सब स्टेसनका पावर ट्रान्सफर्मर, सिटी केबल र ब्रेकर जलेर नष्ट भएको महासचिव लोहनीले बताउनुभयो। उहाँका अनुसार आगलागीबाट भएको क्षतिको यकिन विवरण सङ्कलन भइरहेको छ। यसअघि पनि सोही सब स्टेसनमा आगलागीको घटना भइसकेको थियो। नेपाल–भारत विद्युत् आदान–प्रदान समेत यही सब स्टेसनमार्फत सञ्चालन हुँदै आएको छ। ढल्केबरदेखि भारतको मुज फरपुरसम्मको प्रसारण लाइन यस सब स्टेसनमार्फत जोडिएको छ। विद्युत् सेवा बन्द हुँदा मधेश प्रदेशको राजधानी जनकपुरधामसहित विभिन्न क्षेत्रका जनजीवन प्रभावित भएको थियो। सरकारी सेवा प्रवाहसमेत अवरुद्ध बनेको थियो।

तराई मधेशको लोकप्रिय पत्रिका
मार्गानुगामी राष्ट्रिय दैनिक
१२औं वर्षमा प्रवेश

हार्दिक शुभकामना



समाचारको प्रस्तुतीको फरक शैली, पाठकको मन जित्न सफल लोकप्रिय दैनिक मार्गानुगामी राष्ट्रिय दैनिक पत्रिका ११औं वर्ष पूरा गरी १२औं वर्षमा प्रवेश गरेको छ। यसमा अवसरमा मार्गानुगामी दैनिक पत्रिका उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

**रामभरोसी यादव**
जिल्ला अध्यक्ष
प्रेस सेन्टर नेपाल, सिरहा

तराई मधेशको लोकप्रिय पत्रिका
मार्गानुगामी राष्ट्रिय दैनिक
१२औं वर्षमा प्रवेश

हार्दिक शुभकामना



समाचारको प्रस्तुतीको फरक शैली, पाठकको मन जित्न सफल लोकप्रिय दैनिक मार्गानुगामी राष्ट्रिय दैनिक पत्रिका ११औं वर्ष पूरा गरी १२औं वर्षमा प्रवेश गरेको छ। यसमा अवसरमा मार्गानुगामी दैनिक पत्रिका उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

**निर्मला दाहाल**
अध्यक्ष
नेपाल प्रेस युनियन, शाखा सिरहा

तराई मधेशको लोकप्रिय पत्रिका
मार्गानुगामी राष्ट्रिय दैनिक
१२औं वर्षमा प्रवेश

हार्दिक शुभकामना



समाचारको प्रस्तुतीको फरक शैली, पाठकको मन जित्न सफल लोकप्रिय दैनिक मार्गानुगामी राष्ट्रिय दैनिक पत्रिका ११औं वर्ष पूरा गरी १२औं वर्षमा प्रवेश गरेको छ। यसमा अवसरमा मार्गानुगामी दैनिक पत्रिका उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

**महेश सिंह**
जिल्ला अध्यक्ष
प्रेस मञ्च, सिरहा

## पशु बीमा कराकए निश्चिन्त रहू

पशुपालन देशक अर्थतंत्रक मुख्य आधार छियै। प्राकृतिक विपद, रोग वा दुर्घटनासँ पशु मरलाक बाद किसान सभकें आर्थिक नोकसानी होइत अइछ। तैं नेपाल सरकार पशुपालकके लेल पशु बीमा योजना लागू केने अइछ।
गाइ, भैंस, बकरी, भेंडा, सुगर, मुर्गा सहित अन्य घरपालुवा जानवरके बीमा कराबू। रोग, महामारी वा दुर्घटनासँ पशु मरलाक बाद बीमाकः लाभ लेल जा सकैत अइछ। निश्चिन्त भ व्यवसायिक रूपसँ पशुपालन करबाक लेल बीमा लाभदायक अइछ। अधिक जानकारी लेल लककगपासमे रहल पशु चिकित्सालय वा पशु सेवा केन्द्रमें सम्पर्क करू।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

## वायु प्रदूषणबाट जोगिने उपाय

- वायु प्रदूषणवाट श्वासप्रश्वासमा असर पर्ने भएकाले घरवाहिर निस्कँदा मास्कको प्रयोग गरौं,
- वातावरणमैत्री सवारी साधनको प्रयोग गरौं,
- दाउरा र कोइलाको सकेसम्म कम प्रयोग गरौं,
- निर्माणस्थल, उद्योग कलकारखाना आदिबाट निस्कने धुलो धुवाँको उचित व्यवस्थापन गरौं,
- श्वासप्रश्वाससम्बन्धी समस्या आएमा स्वास्थ्य परीक्षण गराऔं,
- जथाभावी प्लास्टिकलगायतका वस्तु नजलाऔं,
- रुखविरुवा रोपौ, हरियाली बढाऔं र वनजंगल जोगाऔं।
- वायु प्रदूषणको असरबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)